राष्ट्रिय स्वतन्त्र पार्टी
RASTRIYA SWANTANTRA PARTY
केन्द्रीय निर्वाचन आयोग

प.सं.: 0069
च.नं.: 158

**मिति:** २०८३ जेठ २७ गते

# अत्यन्त जरुरी सूचना

**विषय: बागमती प्रदेश अधिवेशनको निर्वाचन कार्यक्रम स्थगन र भ्रम निवारण सम्बन्धमा।**

हिजो जेठ २६ गते पूर्व निर्धारित कार्यतालिका अनुसार नै सञ्चालन भइरहेको बागमती प्रदेश अधिवेशनलाई आज जेठ २७ गते बिहान ८:०० बजेसम्मका लागि स्थगन गरिएको थियो। तर, यसैबीच "अधिवेशन पूर्ण रुपमा रद्द भएको" भन्ने भ्रामक सूचना फैलिएको र सोही कारण कतिपय प्रतिनिधिहरु मतदान स्थलबाट फर्किनुभएको विषयप्रति केन्द्रीय निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। अधिवेशन रद्द भएको नभई केही समयका लागि मात्र स्थगन गरिएको व्यहोरा स्पष्ट पारिन्छ।

मुख्यतया निम्न प्राविधिक तथा व्यवस्थापकीय कारणहरूले गर्दा निर्वाचन प्रक्रियालाई अस्थायी रुपमा स्थगन गर्नु परेको हो:

- **मतपत्र तथा नामावली:** मतपत्रमा देखिएका केही त्रुटि सच्याउन र मतदाता नामावलीको अन्तिम प्राविधिक प्रमाणीकरण (Technical Verification) गर्न।
- **समायोजन सूचीको विवाद:** करिब ४०० जनाको समायोजन सूची (Integration List) मा देखिएका उजुरी र विवादहरूको उचित सम्बोधन गर्न।
- **समिति व्यवस्थापन:** प्रदेश निर्वाचन समितिमा आवश्यक जनशक्ति थप गर्न र निर्वाचन प्रक्रियालाई सहज बनाउन।

भ्रमवश फर्किनुभएका लगायत सबै प्रतिनिधिहरूलाई मतदान प्रक्रियामा सहभागी हुन आवश्यक सुविधाजनक समय प्रदान गर्ने मनसायका साथ, यी प्राविधिक तथा व्यवस्थापकीय कार्यहरु सम्पन्न हुनासाथ स्थगित भएको अधिवेशन सुचारु गरि बाँकी रहेको निर्वाचन प्रक्रियाको नयाँ मिति र त्यस सम्बन्धी थप विवरण मतदान सुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै आधिकारिक सूचनामार्फत सबैलाई जानकारी गराइनेछ।

तसर्थ, कुनै पनि भ्रामक हल्लाको पछि नलाग्न र आयोगको आधिकारिक सूचनाको प्रतीक्षा गर्न सम्पूर्ण प्रतिनिधि, उम्मेदवार तथा सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ।

**भुवन के.सी.**
प्रमुख, केन्द्रीय निर्वाचन आयोग
राष्ट्रिय स्वतन्त्र पार्टी

**बोधार्थः**
१. श्री सभापति, राष्ट्रिय स्वतन्त्र पार्टी।
२. केन्द्रीय समिति सचिवालय — जानकारीका लागि।
३. केन्द्रीय संगठन विभाग — जानकारीका लागि।
४ . बागमती प्रदेश निर्वाचन समिति — जानकारीका लागि।
५. बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण जिल्ला समिति तथा सम्बन्धित संयोजकहरु — जानकारीका लागि।